# अर्थ मन्त्रालयसंग सम्वन्धित सार्वजनिक विवरण

## सूचनाको हक सम्वन्धी ऐन, २०६४ को दफा ५(३) को प्रयोजनार्थ

(२०७५ वैशाख १ देखि २०७५ असार मसान्तसम्मको)



अर्थ मन्त्रालय

सिंहदरवार

साउन, २०७५

www.mof.gov.np

## १. अर्थ मन्त्रालयको परिचय र उद्धेश्य

### (क) पृष्ठभूमिः

समष्टिगत आर्थिक नीतिहरुको तर्जुमा र कार्यान्वयनको माध्यमबाट मुलुकको आर्थिक विकासमा अर्थ मन्त्रालयको नेतृत्वदायी भूमिका रहेको छ । मुलुकको आर्थिक क्षेत्र, सार्वजनिक वित्त, वित्तीय तथा मौद्रिक क्षेत्रसंग सम्वन्धित नीति तर्जुमा, कार्यान्वयन तथा अनुगमन र व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ। नेपाल सरकारको वार्षिक बजेट तर्जुमा र बजेटको कार्यान्वयन, सार्वजनिक खर्च व्यवस्थापन, सार्वजनिक ऋण व्यवस्थापन, राजस्व व्यवस्थापन तथा स्रोत परिचालन, समष्टिगत आर्थिक स्थायित्व, अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन तथा व्यवस्थापन, विदेशी मुद्रा विनिमय नियन्त्रण तथा नियमन, राजस्व चुहावट नियन्त्रण, सामान्य मूल्य नीति, सार्वजनिक संस्थानको समग्र नीतिगत विषय तथा नेपाल सरकारको आर्थिक प्रशासन, बैंकिङ्क तथा वित्तिय क्षेत्र व्यवस्थापन, बीमा र पुँजी बजारको व्यवस्थापन र नियमन जस्ता विषय अर्थ मन्त्रालयको कार्य क्षेत्र भित्र पर्दछ ।साथै वित्तीय संघीयताको कार्यान्वयनको क्रममा संघ, प्रदेश तथा स्थानीय तहको संविधान प्रदत्त अधिकारको कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको परिचालन, राजस्व तथा रोयल्टी बाँडफाँड र अन्तर सरकारी वित्त हस्तान्तरणको व्यवस्थापनको विषय पनि यस मन्त्रालयले हेर्ने गर्दछ । वित्तीय नीति मार्फत अर्थ मन्त्रालयले मुलुकको सम्पूर्ण आर्थिक क्षेत्रलाई गतिशील वनाउने भूमिका समेत खेल्दै आएको छ।

### (ख) दृष्टिकोणः

सबल आर्थिक नीति, सार्वजनिक वित्त तथा आर्थिक क्षेत्र व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी सुदृढ अर्थतन्त्रको निर्माण गरी समृद्ध नेपाल बनाउने अभियानमा सहयोग पुर्याउने ।

### (ग) ध्येयः

आन्तरिक राजस्वको आधारलाई सुदृढ गर्दै उपलव्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पुऱ्याउने।

### (घ) रणनीतिः

(१) राजस्व प्रशासनको संरचनागत एवं संस्थागत सुधार गर्ने ।

(२) कर चुहावट नियन्त्रण एवं कर परिपालनाको स्तर अभिबृद्धि गर्ने ।

(३) वित्तिय सुशासन कायम गर्ने ।

### (१) समष्टिगत लक्ष्यः

मुलुकको आर्थिक नीति तर्जुमा गर्न योगदान गर्ने र आर्थिक नीति व्यवस्थापनको कार्य गर्ने।

### (२) कार्यनीतिक लक्ष्यहरुः

- राजस्व प्रणालीलाई सरल बनाउने, कराधार फराकिलो गर्ने र उपयुक्त करका दरहरु तोक्ने।
- कर प्रशासनको दक्षता र प्रभावकारितामा सुधार गर्ने।
- प्राथमिकता प्राप्त क्षेत्रहरुको लागि प्रभावकारी र न्यायोचित रुपमा साधनको बाँडफाँड गर्ने नीति अवलम्वन गर्ने।
- वित्तीय संस्था र वित्तीय उपकरणहरुको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने।

- सरकारी स्वामित्वका संस्थानहरुलाई प्रभावकारी बनाउनका लागि निजीकरण नीतिका साथै आवश्यक अन्य नीतिहरु अवलम्वन गर्ने।
- पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- सार्वजनिक क्षेत्रका कर्मचारीहरुको लागि उपयुक्त तलबमान एवं प्रोत्साहन प्रणाली अवलम्वन गर्ने।
- सार्वजनिक खर्च सम्वन्धी नीतिहरुको तर्जुमा र कार्यान्वियन गर्ने।
- वैदेशिक सहायताबाट प्राप्त स्रोतहरुको व्यवस्थापनको लागि प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने।
- सार्वजनिक र निजीक्षेत्र वीच विश्वासको वातावरण कायम गर्दै समग्र आर्थिक विकासमा निजी क्षेत्रको संलग्नताको लागि अनुकूल वातावरणको सृजनामा सहयोग गर्ने।
- नेपाल सरकार, प्रदेश तथा स्थानीय तहवीच आर्थिक नीति, लगानी, ऋण व्यवस्थापन, राजस्व वाँडफाँड र अनुदानको विषयमा समन्वयकारी भूमिका निर्वाह गर्ने ।

**(ङ) रणनीतिक उद्देश्यहरुः**

- आर्थिक व्यवस्थापन सुधार कार्यमा योगदान पुर्याउने।
- संबिधान कार्यान्वयन, आधारभूत स्वास्थ्य सेवा र शिक्षा र ग्रामीण पूर्वाधार विकास जस्ता सामाजिक–आर्थिक पूर्वाधार, पूँजी निर्माण र गरिबी निवारण र पूनर्निर्माणलाई तिब्रता दिने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने।
- राजस्वको क्षेत्र र दायरा वृद्धि हुने उपायको खोजी गर्ने ।
- प्रभावकारी र दक्ष सेवाको प्रत्याभूतिको लागि बजेट सहयोग उपलव्ध गराउने।
- आवश्यकतामा आधारित वैदेशिक सहयोग परिचालन गर्ने र वैदेशिक सहयोगको प्रभावकारीतामा सुधार गर्ने।
- सार्वजनिक संस्थानहरुमा प्रभावकारी वित्तीय व्यवस्थापन अभ्यासहरुको प्रत्याभूति गर्ने र तिनीहरुले प्रदान गर्ने सेवाहरुमा सुधार गर्ने।
- विभिन्न मन्त्रालय, विभाग र निकायहरुको लागि भएको बजेट विनियोजन र तिनीहरुले प्रदान गर्ने सेवा प्रवाह प्रणाली वीचमा प्रभावकारी सम्वन्ध स्थापित गर्ने

## २. संगठनात्मक स्वरुपः



(अनुसूची ४)

# अर्थ मन्त्रालयको दरवन्दी तेरिज

| क्रम | पद | श्रेणी/तह | सेवा | समूह | मौजुदा दरवन्दी | थप | घट | खुद कायम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | प्रशासन | | १ | | | १ | |
| २ | सचिव (राजस्व) | विशिष्ट | प्रशासन | | १ | | | १ | |
| ३ | सहसचिव | रा.प.प्र. | प्रशासन | सा.प्र. | ९ | | २ | ७ | |
| ४ | सहसचिव | रा.प.प्र. | न्याय | कानून | १ | | | १ | |
| ५ | उपसचिव | रा.प.द्वि. | प्रशासन | राजस्व | ३३ | | ५ | २८ | |
| ६ | उपसचिव | रा.प.द्वि. | प्रशासन | सा.प्र. | १ | | | १ | |
| ७ | उपसचिवलेखा | रा.प.द्वि. | प्रशासन | लेखा | ४ | | ३ | १ | |
| ८ | उपसचिव | रा.प.द्वि. | न्याय | कानून | १ | | | १ | |
| ९ | उप सचिव सूचना प्रविधि | रा.प.द्वि. | विविध | | १ | | | १ | |
| १० | वरिष्ठ तथ्यांकशास्त्री | रा.प.द्वि. | यो.त. | तथ्याङ्क | १ | | | १ | |
| ११ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ४२ | ६ | | ४८ | |
| १२ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ४ | | १ | ३ | |
| १३ | शाखा अधिकृत | रा.प.तृ. | न्याय | कानून | १ | १ | | २ | |
| १४ | तथ्याङ्क अधिकृत | रा.प.तृ. | विविध | तथ्याङ्क | १ | | | १ | |
| १५ | कम्प्यूटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | | | ३ | |
| १६ | कम्प्यूटर अधिकृत | रा.प.तृ. | विविध | | ११ | | | ११ | |
| १७ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | | | १ | |
| १८ | अर्थशास्त्री | रा.प.तृ. | विविध | | १ | १ | | २ | |
| १९ | पुस्तकालय अधिकृत | रा.प.तृ. | शिक्षा | पु.विज्ञान | १ | | | १ | |
| २० | नायवसुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | राजस्व | ४० | | २० | २० | |
| २१ | नायवसुव्वा | रा.प.अनं.प्रथम | प्रशासन | सा.प्र. | ३ | | | ३ | |
| २२ | लेखापाल | रा.प.अनं.प्रथम | प्रशासन | लेखा | ५ | | ३ | २ | |
| २३ | कम्प्यूटर अपरेटर | रा.प.अनं.प्र.प्रा. | विविध | | ३ | | | ३ | |
| २४ | कार्टोग्राफर | रा.प.अनं.प्रथम | विविध | | १ | | १ | ० | |
| २६ | सि.प्लम्वर | रा.प.अनं.प्रथम | इन्जि. | इले. | १ | | | १ | |
| २७ | सि.अफसेटप्रेसम्यान | रा.प.अनं.प्रथम | शिक्षा | मुद्रण | १ | | | १ | |
| २८ | खरिदार | रा.प.अनं.द्वि. | प्रशासन | राजस्व | ११ | | ११ | ० | |
| २९ | सह लेखापाल | रा.प.अनं.द्वि. | प्रशासन | लेखा | ३ | | ३ | ० | |
| ३० | इलेक्ट्रिसियन | रा.प.अनं.द्वि. | इन्जि. | इले. | १ | | १ | ० | |
| ३१ | टेलिफोन अपरेटर | रा.प.अनं.द्वि. | विविध | | १ | | | १ | |
| ३२ | टाइपिष्ट | वेग अनुसार | प्रशासन | | ६ | | ६ | ० | |
| ३४ | प्र.हेडगार्ड | रा.प.अनं.द्वि. | प्रशासन | | १ | | १ | ० | |
| ३६ | लिथो सहायक | रा.प.अनं.तृ. | विविध | | १ | | १ | ० | |
| ३७ | हलुकासवारी चालक | श्रेणीविहिन | | | १४ | १ | | १५ | |
| ३८ | कार्यालयसहयोगी | श्रेणीविहिन | | | २५ | | १ | २४ | |
| ३९ | माली | श्रेणीविहिन | | | २ | | २ | ० | |
| ४० | गार्ड | श्रेणीविहिन | | | ३ | | २ | १ | |
| | | | | जम्मा | २४० | ९ | ६२ | १८६ | |

**कार्यक्षेत्र**

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ ले अर्थ मन्त्रालय अन्तर्गतको निकायहरुको कार्य सम्पादनका लागि निर्दिष्ट गरेका कार्यक्षेत्रहरु निम्न बमोजिम रहेका छन्:

१. आर्थिक अवस्थाको विश्लेषण, आर्थिक तथा वित्त सम्बन्धी नीतिको तर्जुमा, कार्यान्वयन र नियमन
२. आर्थिक साधनको बाँडफाँड, कुल राष्ट्रिय लगानी प्रक्षेपण र वित्तीय व्यवस्थापन
३. समष्टिगत आर्थिक स्थायित्व, मूल्य स्थिरता सम्बन्धी नीति तर्जमा, कार्यान्वयन र नियमन
४. विकास सहायता नीतिको तर्जुमा, कार्यान्वयन, अनुगमन,मूल्यांकन र नियमन
५. केन्द्रीय बैंक सञ्चालन, नियमन र मौद्रिक नीति
६. बैंक तथा वित्तीय संस्थाहरु सम्बन्धी नीति, कानून, समन्वय र नियमन
७. विदेशी मुद्रा विनियम तथा नियन्त्रण
८. आर्थिक तथा सामाजिक विकास र मुद्रा तथा बैंङ्किङ्ग सम्बन्धी द्विपक्षीय अन्तर्राष्ट्रिय संस्थाहरुसँग सम्पर्क र समन्वय
९. बैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता सम्वन्धी अन्तर्राष्ट्रियसन्धि, सम्झौता र कार्यान्वयन
१०. सङ्घीय सञ्चितकोष वा सङ्घीय सरकारी कोष सञ्चालन, राजस्व र व्ययको अनुमान, विनियोजन ऐन, पुरक अनुमान,पेस्की खर्च, उधारो खर्च, आकस्मिक कोष र अन्यसरकारी कोष
११. बजेट तर्जुमा, कार्यान्वयन र नियमन
१२. सरकारी जमानत
१३. संघ, प्रदेश र स्थानीय तहको आन्तरिक र बैदेशिक ऋण एव अनुदान सम्वन्धी नीति, कानून र नियमन
१४. तलव, भत्ता, उपदान, निबृत्तिभरण लगायतका सेवा सुविधा र आर्थिक दायित्व सम्बन्धी विषय
१५. संघ, प्रदेश र स्थानीय तहको सार्वजनिक पदाधिकारीको सुविधा सम्वन्धी नीति, कानून र नियमन
१६. सरकारी बाँकी रकमको अभिलेखीकरण र असुली
१७. राजस्व सम्वन्धी नीति, कानून, मापदण्ड, योजना, प्रक्षेपण, कार्यान्वयन र नियमन
१८. राजस्व प्रशासनको सञ्चालन र सुदृढीकरण
१९. सार्वजनिक खर्च सम्बन्धि नीति, कानून र नियमन
२०. आर्थिक कार्याविधी सम्बन्धी नीति, कानून मापदण्ड, कार्यान्वयन र नियमन
२१. मूल्य नीति
२२. लेखा तथा लेखापरीक्षण प्रणाली
२३. सरकारी लगानी र लाभांशको लेखा ब्यवस्थापन

२४. संघ, प्रदेश र स्थानीय तहबीच वित्तिय हस्तान्तरण सम्बन्धी नीति, कानून,कार्यान्वयन र नियमन

२५. सङ्घीय विनियोजन, राजस्व,विभाज्य कोष, धरौटी कार्य सञ्चालन कोष र अन्य सरकारी कोष तथा सम्पत्ति

२६. भन्सार, अन्तःशुल्क, मुल्य अभिबृद्धि कर, आयकर, राहदानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर एवं अन्य कर तथा गैरकर, सेवाशुल्क दस्तुर लगायतका सेवा शुल्कहरुको लक्ष्य निर्धारण, प्रशासन, सङ्कलन र बाँडफाँड

२७. कर तथा भन्सार राजस्व सम्बन्धी द्विपक्षीय, बहुपक्षीय समन्वय, सन्धी, सम्झौता, समझदारी, कार्यान्वयन र नियमन

२८. राजस्व सम्बन्धी तथ्याङ्क अभिलेखन र सूचना आदानप्रदान

२९. धितोपत्र तथा कमोडिटी बजार सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन

३०. बीमा सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन

३१. संघ, प्रदेश र स्थानीय तहमा राजस्व र प्राकृतिक स्रोत उपयोग वा लाभको बाँडफाँड  सम्वन्धी नीति, कानून मापदण्ड र कार्यान्वयन

३२. राजस्व चुहावट नियन्त्रण

३३. महालेखा परीक्षकको कार्यालय

३४. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग

३५. निक्षेप तथा कर्जा सुरक्षण कोष

३६. सरकारी स्वामित्वयमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलव, भत्ता, बोनस, लगानी र लाभांश सम्बन्धी नीति निर्धारण

३७. राजस्व र आर्थिक प्रशासन सम्बन्धी तालिम, अध्ययन र अनुसन्धान

३८. कर्मचारी सञ्चय कोष

३९. नागरिक लगानी कोष

४०. अवकाश कोष

४१. सार्वजिनक संस्थानहरु र निजीकरण सम्बन्धी नीति, कानून, मापदण्ड अनुगमन र नियमन

४२. मन्त्रालय सम्बन्धी सार्वजिनक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन

४३. नेपाल लेखा परीक्षण सेवाको सञ्चालन

## ३ अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि उल्लिखित कार्य क्षेत्र अन्तरगतका नीतिगत कार्यहरु र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु ।

## ४ सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्वरः

| सि.नं. | सचिवालय/महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय अर्थमन्त्री | डा. युवराज खतिवडा | ४२११३९० |
| २. | सचिव | डा. राजन खनाल | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | श्री शिशिरकुमार ढुङ्गाना | ४२११७७० |
| ४. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव श्री निर्मलहरि अधिकारी | ४२११४०१ |
| ५. | अन्तराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा | सहसचिव श्री श्रीकृष्ण नेपाल | ४२११३७१ |
| ६. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव श्री हरिशरण पुडासैनी | ४२११३१५ |
| ७. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव श्री मुकुन्द पौडेल | ४२११३२६ |
| ९. | कानून तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव श्री उदयराज सापकोटा | ४२११८१३ |
| १०. | वित्तीय क्षेत्र व्यवस्थापन तथा संस्थान समन्वय महाशाखा | सहसचिव श्री उत्तरकुमार खत्री | ४२११३०६<br>४२११३७७ |
| ११. | योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव श्री चन्द्रकला पौडेल | ४२००४१८ |
| १२. | प्रशासन महाशाखा | सहसचिव श्री सुमन दाहाल | ४२११३०० |

## ५ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

### (क) सूचना दिँदा लिनुपर्ने शुल्क/दस्तुर

- सूचना मागको निवेदन दिँदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमल तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको पाँच पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ ।
- पाँच पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार दस्तुर लिइनेछ ।
  - ✓ सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म आकार भएको) कागजमा तयार गरिएको वा रहेको पाँच पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैयाँ लाग्नेछ।

- ✓ माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ दस्तुर लाग्नेछ। सुरुका पाँच पेज निःशुल्क दिनुपर्ने वाध्यता यसमा रहने छैन ।
- ✓ डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ दस्तुर,
- ✓ कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- ✓ सार्वजनिक निकायमा रहेक कुनै लिखत, सामग्री वा सो निकायको काम कारवाईको अध्ययन वा अवलोकन वा सार्वजनिक महत्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण वा अवलोकन आधा घण्टाभन्दा बढी समय गर्ने भएमा प्रतिघण्टा प्रतिव्यक्ति पचास रुपैयाँ दस्तुर लाग्नेछ । तर सार्वजनिक पुस्तकालय र सार्वजनिक रुपमा निःशुल्क उपलब्ध गराइएको स्थानको अवलोकन वापत दस्तुर लाग्ने छैन ।
- ✓ प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ ।
- ✓ मूल्य राखी विक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्य बमोजिम नै हुनेछ।
- ✓ तर अर्थ मन्त्रालयको उद्देश्य र कामको प्रर्वद्धनका लागि वितरण गरिने सूचना-सामग्रीको शुल्क लाग्ने छैन ।

**(ख) सूचना उपलब्ध गराए बापत दस्तुर लिने तरिका**

(१) नगद लिएर राजस्व खातामा जम्मा गर्न सकिनेछ ।

(२) कुनै बैंकमा जम्मा गर्न लगाई सोको भौचर पेश गर्न लगाउन सकिनेछ ।

(३) सो रकम बराबरको हुलाक टिकट निवदेनमा टाँस्न लगाउन पनि सकिनेछ ।

**(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि**

(१) सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलव्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध गराईनेछ । कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासंग सम्बन्धित सूचना माग गरेको पाईएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ।

(२) अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिम हुनेछ।

**६ निर्णय गर्ने प्रक्रिया र अधिकारीः**

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

(१) मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः

- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम ।

(२) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम ।

**(ख) निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- मन्त्रालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरु सम्बन्धमाः
- मन्त्रिपरिषदमा प्रस्ताव पठाएर
- माननीय अर्थ मन्त्रीस्तरबाट
- अर्थ सचिवस्तरबाट
- सचिव(राजस्व) स्तरबाट
- माननीय अर्थ मन्त्रीबाट प्रत्यायोजित अधिकार बमोजिम
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम, र
- अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकिएका कामहरु ।
- सचिवले प्रत्यायोजन गरेको अधिकार वमोजिम तोकिएको कर्मचारीले ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा अर्थ सचिवले ।

**७. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

**क) अर्थ मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः-**

प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम

**ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ वमोजिम परेको उजुरी सम्बन्धमाः-**

राष्ट्रिय सूचना आयोग

**८. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः**

**८.१.समष्टिगत आर्थिक परिसूचकः** (२०७५ जेठ मसान्तको तथ्यांकमा आधारित)

| क्र.स | आर्थिक परिसूचकहरु | उपलब्धि/अवस्था | कैफियत |
|---|---|---|---|
| १. | आर्थिक बृद्धि | ५.९% हुने अनुमान | |
| २. | उपभोक्ता मुद्रास्फीति | ४.१% | |
| ३. | शोधनान्तर स्थिति | ४ अर्व ३४ करोड घाटा | |
| ४. | सरकारी कोषको अवस्था | २४८ अर्व ४८ करोड | |
| ५. | बैदेशिक ब्यापार | परिमाण | |
| | आयात | ११०७ अर्व ३५ करोड | |
| | निर्यात | ७४ अर्व ३१ करोड | |
| ६. | विदेशी विनिमय सञ्चिती | १०९४ अर्व | |
| ७. | विप्रेषण | ६७९ अर्व ७३ करोड | |
| ८. | राजस्व परिचालन | आ.व. २०७४/७५ को राजस्व संकलनको लक्ष्य रु.७३० अर्व रहेकोमा रु.७३२ अर्व राजस्व संकलन भएको। | |
| ९. | नेप्से परिसूचक | १२१२.३६ विन्दु (असार मसान्तका दिनको) | |

## ८.२.बजेट कार्यान्वयन तथा सार्वजनिक खर्च व्यवस्थापनः

- आर्थिक वर्ष २०७४/७५ मा नेपाल सरकारको तर्फबाट भएको सार्वजनिक खर्च उत्साहप्रद रहेको छ । उक्त आर्थिक बर्षमा पूँजिगत खर्च रु. २८७ अर्व (८५.७०%) चालु खर्च रु. ७१६ अर्व (८९.००%) प्रतिशत र वित्तीय व्यवस्था तर्फ रु.११० अर्व (७८.००%) प्रतिशत खर्च भई समग्रमा ८७ प्रतिशत भएको प्रारम्भिक अनुमान रहेको छ । विगतका वर्षहरुमा न्यून पूँजिगत खर्च हुने अवस्थाबाट गुज्रदै आएकोमा गत आर्थिक वर्षमा भएको खर्च पछिल्ला वर्षहरुको खर्चको तुलनामा बढी रहेको छ । गत आर्थिक वर्षमा करीव रु. ११ खर्व १३ अर्व खर्च भएको प्रारम्भिक अनुमान छ। यो खर्च विनियोजित बजेटको ८७ प्रतिशत भन्दा बढी हो। र आर्थिक वर्ष २०६९/७० पछिको सबैभन्दा उच्च हो।
- खर्च संरचनाको विश्लेषण गर्दा पूँजीगत खर्च करीव २ खर्व ८७ अर्व अर्थात् विनियोजनको ८५.७० प्रतिशत हुन गएको छ। यो प्रतिशत यो दशककै सबैभन्दा उच्च हो।
- चालु खर्च करीव ७ खर्व १६ अर्व अर्थात करीव ८९ प्रतिशत भएको छ। प्रदेश तथा स्थानीय तहमा रु. २ खर्व ३२ अर्व भन्दा बढी वित्त हस्तान्तरण भएको र निजी आवास अनुदानमा विनियोजित रकम रु. ६३ अर्व समेत रु. ९७ अर्व खर्च भएको र खर्चको दृष्टिकोणले यस्तो पूँजीगत प्रकृतिको अनुदान चालु खर्चमा गणना भएको कारण चालु खर्चमा बढोत्तरी देखिएको हो। यसका अतिरिक्त संघ, प्रदेश र स्थानीय तहको निर्वाचनमा निकासा भएको मध्ये रु. १९ अर्व खर्च भएको, न्यून विनियोजन भएको जेष्ठ नागरिक भत्ता बापतको निकासा रु. ४ अर्व, प्राथामिक स्वास्थ्य केन्द्र र अस्पतालको तलवमा रकमान्तर निकासा भएको रु. १ अर्व भन्दा बढी रकमले यो खर्च बढेको देखिएको हो।
- वित्तीय ब्यवस्था तर्फ विनियोजनको ७८ प्रतिशत भन्दा बढी अर्थात रु १ खर्व १० अर्व खर्च भएको अनुमान छ।
- खर्चको संरचनागत विश्लेषण गर्दा, राष्ट्रिय गौरव र राष्ट्रिय प्राथिमकताका निर्माणाधीन आयोजनाहरुलाई गति दिने क्रममा पूँजीगत खर्चमा उल्लेखनीय वृद्धि भएको छ। बुढीगण्डकी जलविद्युत आयोजनामा रु. १० अर्व, मध्यपहाडी लोकमार्गमा रु. ५ अर्व ७५ करोड, हुलाकी राजमार्गमा रु. ४ अर्व ९९ करोड, धरान-चतरा-गाइघाट-सिन्धुलीवजार-हटौडा मार्गमा रु. ५ अर्व २५ करोड, तराईका व्यापारिक मार्गमा रु. १ अर्व ७० करोड, उत्तर दक्षिण लोकमार्गमा रु. १ अर्व ९ करोड, बबई सिंचाईमा रु. १ अर्व ७ करोड, भेरी बबई डाइभर्सनमा रु. ३ अर्व ९६ करोड, सामुदायिक ग्रामीण विद्युतीकरणमा रु. ५ अर्व ५० करोड, भैरहवा विमानस्थलमा रु. ९ अर्व ८० करोड, विनियोजनको अतिरिक्त थप निकासा भएको छ। यो खर्चले देशको पूर्वाधार निर्माणलाई अग्रगति दिन उल्लेखनीय योगदान पुऱ्याएको छ।

- विगत वर्षहरुको सडक, पूल, खानेपानी, स्वास्थ्य भवन, सिंचाई, नदी नियन्त्रणतर्फको नियमानुसार भएको खर्चको भुक्तानी गरी दीर्घकालीन दायित्व घटांउदै लगिएको छ ।
- कार्यालय सञ्चालन र उपभोग खर्च कम गर्दै पूँजीगत खर्च वृद्धि गर्ने अभिप्रायले मन्त्रिपरिषद्को निर्णयानुसार सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन २०७५, नेपाल सरकार (म.प.) बाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ।

**आर्थिक वर्ष २०७५/७६ को बजेटः**

- चालु आर्थिक वर्षका लागि संघीय सरकारको बजेट रु. १३ खर्व १५ अर्व मात्र देखिएतापनि प्रदेश तथा स्थानीय तहहरुको समेत समग्र बजेट अनुमान गर्दा करिब रु. १५ खर्व २४ अर्वको हुने अनुमान छ। यसमध्ये ६ खर्वभन्दा बढी पुँजीगत काममा मात्र खर्च हुने अनुमान रहेको छ।
- संघको मात्र कूल बजेट रु. १३ खर्व १५ अर्व १६ करोड १७ लाखमध्ये चालुतर्फ रु. ८ खर्व ४५ अर्व, पूँजीगततर्फ रु. ३ अर्व १४ खर्व र वित्तीय व्यवस्थातर्फ रु. १ खर्व ५६ अर्व विनियोजित छ।
- चालु वर्षको बजेट मुलतः उत्पादन वृद्धि, आर्थिक तथा सामाजिक पूर्वाधार निर्माण र व्यापक रोजगारी श्रृजनामा केन्द्रित छ। यस क्रममा निर्माणाधीन राष्ट्रिय महत्वका पूर्वाधारहरुको निर्माणको कामलाई तीब्रता दिन र नयाँ आयोजनाहरुको सर्भे डिजाइन लगायतका कामका लागि सडक, रेल यातायाततर्फ रु. १ खर्व २६ अर्व, उर्जातर्फ रु. ८५ अर्व, कृषि, वनतर्फ रु. ८० अर्व, उद्योगतर्फ रु. १८ अर्व, आवास र सामुदायिक सुविधातर्फ रु. ६७ अर्व, स्वास्थ्यतर्फ रु. ६५ अर्व, शिक्षातर्फ रु. १ खर्व ३४ अर्व विनियोजन भएको छ।

## ८.३. भूकम्प पछिको पुनःनिर्माण र नवनिर्माणका लागि बजेट व्यवस्थापन

- भुकम्पबाट घर क्षति भएका जनतालाई जतिसक्दो चाँडो सुरक्षित छानामुनि राख्ने उद्देश्य अनुरुप विनियोजित रकम रु. ६३ अर्वको अतिरिक्त थप रु. ३४ अर्व समेत करिब रु. ९७ अर्व निजी आवास अनुदानमा खर्च भएको छ। यो अनुदान रकम वित्तीय वर्गीकरणमा चालु खर्चको रुपमा देखिएतापनि यसले गाउँगाउँमा निर्माणको काम अघि बढेको र व्यापक रोजगारी समेत श्रृजना भएको छ।

## ८.४. राजश्व परिचालन

- आ.व.२०७४/७५ मा राजस्व संकलन लक्ष्य भन्दा वढी भएको । कूल रु. ७३० अर्वको लक्ष्य रहेकोमा रु. ७३२ संकलन भई लक्ष्यको तुलनामा १००.२७% उपलब्धि हासिल भएको छ।
- आ.व. २०७४/७५ को माघ मसान्तसम्म लक्ष्य अनुरुप राजस्व संकनल नभएकोमा फागुन देखि असार मसान्त सम्मको संकलनले अघिल्लो अवधिमा न्यून रहेको संकलनलाई समेत पूर्ति गरि वार्षिक लक्ष्य अनुरुप राजस्व संकलन भएको छ।

- राजस्व संकलन गरिने विन्दुहरुको क्रियाकलापलाई सुक्ष्म निगरानी गरी ती निकायमा कार्यरत कर्मचारी, व्यवसायी एवं उक्त क्षेत्रका सबै पक्षहरुको अनुगमन गरि राजस्व संकलनलाई प्रभावकारी वनाइएको कारणले संकलन उत्साहजनक रह्यो।
- आर्थिक वर्ष २०७५/७६ को वजेट मार्फत २०७५/२/१५ देखि नै लागु हुने गरि विभिन्न वस्तुहरु (चिनी, चिया, डेरी उत्पादन,घ्यू/तेल, पीठो) मा दिइएको मू.अ.कर छुट र मू.अ.कर समायोजन व्यवस्था अन्त्य गरि उपभोक्ताबाट संकलन गरिएको रकम संचित कोषमा आउने व्यवस्था गरिएको छ।
- शिक्षा र स्वास्थ्य सेवा प्रत्येक नागरिकको मौलिक हकको रुपमा स्थापित भएको सन्दर्भमा शिक्षा र स्वास्थ्य क्षेत्रमा कायम रहेको शिक्षा र स्वास्थ्य सेवा शुल्क तथा मूल्य अभिवृद्धि करको व्यवस्था खारेज गरिएको छ।
- सीमा क्षेत्रबाट हुने अनधिकृत आर्थिक गतिविधिलाई नियन्त्रण गर्न सशस्त्र प्रहरीका Boarder Out Post लाई उपकरण र सवारी साधन सहित परिचालन को सुनिश्चतता गरिएको छ।
- ठूलो कारोबार गर्ने करदाताहरुको कारोबारलाई आन्तरिक राजस्व विभागमा रहेको केन्द्रीय विल अनुगमन प्रणालीबाट अनुगमन गर्ने सिलसिलामा ठूला Super Store र अन्य ठूला कारोबार गर्ने करदाताको कारोवारकै अवस्था अनुगमन गर्न सक्ने प्रणाली स्थापना गरिएको छ।
- गैर कर राजस्वका नयाँ क्षेत्र विस्तार गर्नुका साथै लागत प्रभावी हुने गरी दर निर्धारण गर्ने कार्य भइरहेको लामो समयदेखि पुनरावलोकन नभएका गैरकरका दरहरु समायोजन गरिंदै लगिएको छ।
- स्वास्थ्य र वातावरणलाई प्रतिकूल असर पर्ने वस्तुहरुको आयात र उपभोगलाई निरुत्साहित गर्न त्यस्ता वस्तुहरुमा थप अन्तःशुल्क असूल गर्ने व्यवस्था गरिएको छ।
- प्राइभेट लिमिटेड कम्पनिलाई पब्लिक लिमिटेड कम्पनीमा रुपान्तरण गरी नेपाल स्टक एकसचेन्जमा दर्ता गरेमा आयकर छुट दिने व्यवस्था गरिएको।
- साविकमा मूल्य अभिवृद्धि कर फिर्ता दिने व्यवस्था गरिएका उत्पादनहरु मध्ये उखु कृषक, मकै, तोरी, सूर्यमुखिको दाना, भटमास उत्पादकलाई उत्पादन लागतका आधारमा अनुदान दिने व्यवस्था गरिएको छ।
- Revenue र GDP को वीचको अनुपात करिव २४ प्रतिशत पुगेको छ। विकासोन्मुख मुलुकका लागि यो प्रतिशत राम्रो मानिन्छ । राजस्वका दायरा विस्तार भएको देखिन्छ।

## ८.५. अन्तरर्ाष्ट्रिय आर्थिक सहायता परिचालन

- विश्व बैंकले करीब रु. ३३ अर्ब बराबरको Budgetary Support हुने गरी Development policy Credit(DPC) प्रदान गर्न प्रतिबद्धता जनाएको छ यस प्रकारको सहायतालाई मुलुकको बजेट प्रणालीको विश्वसनीयताको रुपमा लिइनुको साथै नीतिगत सुधारको समेत अपेक्षा गरेको हुन्छ ।
- यूरोपियन यूनियनसँग कृषि मन्त्रालयअन्तर्गत कृषि विकास रणनीति कार्यान्वयन गर्नको लागि करीब रु. ४ अर्ब ४ करोड अनुदान (Budget Support ) सहायता सम्बन्धी नेपाल सरकार र यूरोपियन युनियन विच सम्झौता सम्पन्न भएको छ ।

- Peace Trust Fund मा बचत भएको दातालाइ फिर्ता गर्नु पर्ने बजेट मध्ये यूरोपियन युनियनको करीव रु १ अर्ब १ करोड र जर्मन सरकारको करीब रु १६ करोड नेपाल सरकारले चाहेको क्षेत्रमा खर्च गर्न सक्ने भनी सहमति जनाएको छ ।यो रकम कृषि क्षेत्रको विकास र शान्ति प्रकृयाको बाँकी रहेको कार्यमा खर्च गर्ने गरी चालु आ.ब. को बजेटमा विनियोजन भईसकेको छ ।
- सम्माननीय प्रधानमन्त्रीज्यूबाट हालै भएको मित्रराष्ट्र चीनको राजकीय भ्रमणको क्रममा सहायता तथा लगानीको क्षेत्रमा नयाँ आयाम खुलेको छ । चिनियाँ सहायताबाट नेपालको पूर्वाधार विकासको क्षेत्रमा लगानीको लागि परियोजनाहरु पहिचानसमेत भईसकेको छ ।पुन निर्माणको लागि रु १६ अर्व आर्थिक सहयता समेत प्राप्त भएको छ ।
- नेपालमा पूर्वाधारका क्षेत्र जस्तै सडक, पुल, रेलवे, एयरपोर्ट, जलविद्युत, टनेलजस्ता पूर्वाधार निर्माणमा मात्रै लगानी गर्ने गरी चीनिया पूर्बाधार विकास बैंक स्थापन गर्न नेपाल सरकारबाट सैद्धान्तिक स्वीकृति प्राप्त भएको छ। यी क्षेत्र नै सबैभन्दा बढी लगानी आवश्यक पर्ने तर निजी क्षेत्रमा विद्यमान पुँजी पर्याप्त नभएको कारणले निर्माणको गति सुस्त भएका क्षेत्र हुन् ।बैंक स्थापनाको लागि अर्थ मन्त्रालयले आवश्यक तयारी गरिरहेको छ ।
- एशियाली पूर्वाधार लगानी बैंकले तामाकोशी पाँचौ जलविद्युत परियोजनामा लगानी गर्न सहमति जनाएको छ । यसको साथै २ वटा परियोजनामा लगानीको लागि DPR तयारीको लागि प्राविधिक सहायता प्रदान गर्न सहमति जनाएको छ ।
- Millennium Challenge Corporation ले नेपाललाई प्रदान गर्ने करीब रु. ५५ अर्ब अनुदान सहायता उपयोगको लागि विकास समिति गठन भई परियोजना कार्यान्वयन प्रक्रिया अगाडि बढेको छ ।
- भारत सरकारको अनुदान सहायतामा संचालन हुने परियोजनाको कार्यान्वयन गर्ने निकाय तथा कार्यान्वयन ढाँचा (Modality) निर्धारण भएको छ। भारत सरकारबाट प्राप्त हुने सहायता राष्ट्रिय बजेटमा प्रतिविम्वित भई अर्थ मन्त्रालयबाट स्थानीय तहमा प्रवाह हुनेछ। परियोजनाहरु नगरपालिका तथा गाउँपालिकाबाट कार्यान्वयन हुनेछन्।
- ठुला अयोजनाहरुको कार्यान्वयन सहजीकरण तथा वित्तीय लगानी व्यवस्थापन गर्न परियोजनालाई Full Funded भएर कार्यान्वयन गर्न गराउन अर्थमन्त्रालय र बिषयगत मन्त्रालय सम्मिलित प्राविधिक समिति गठन गरी कार्य आरम्भ गरिएको छ ।
- माथिल्लो त्रिशुली ए जलबिद्युत आयोजना निर्माण गर्नको लागि विश्व बैंक समूहको **IFC** सँग वार्ता भैरहेको छ ।
- चालु आ.ब. को बजेट बक्तव्यमा प्रतिबद्धता गरिए बमोजिम भौतिक पूर्वाधार निर्माण गर्ने सिलसिलामा ६ वटा सुरुङ्गमार्गको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न जापान सरकार, चीन सरकार तथा स्वीस सरकारलाई अनुरोध गरिएकोमा सहमति जनाई यस सम्बन्धि काम अगाडि बढ्न लागेको छ ।
- नेपालमा प्राप्त हुने सबै प्रकारको बैदेशिक सहायतालाई व्यवस्थित तथा पारदर्शी बनाउनको लागि बिद्युतीय अभिलेख (Digital Archive) बनाउने प्रयास भएको छ ।त्यस्तै बिद्यमान AMP लाइ परिमार्जन गरी सरकारी तथा गैर सरकारी क्षेत्रमार्फत परिचालन हुने सवै बैदेशिक सहायता पारदर्शी गर्न प्रणाली विकासको कार्य अन्तिम चरणमा पुगेको छ ।

## ८.६. वित्तीय क्षेत्र ब्यवस्थापन तथा संस्थान समन्वय

- माघ मसान्त २०७५ सम्म ३९४ वटा स्थानीय तहमा मात्र वाणिज्य बैंकको शाखा रहेकोमा असार मसान्त २०७५ सम्म थप २३७ वटा गरी ६३१ स्थानीय तहमा बैंकको शाखा विस्तार भएको र निकट भविष्यमा सबै स्थानीय तहमा बैंकको शाखा बिस्तार हुनेगरी कार्य अघि बढेको।
- मलुकमा पूर्वाधार विकासलाई उच्च प्राथमिकता दिई लगानी बढाउन पूर्वाधार विकास बैंकको स्थापना गर्ने सिलसिलामा नेपाल राष्ट्रबैंकबाट LOI प्रदान गरी स्थापना तथा सञ्चालन कार्य अन्तिम चरणमा रहेको।
- वित्तीय क्षेत्रमा विदेशी स्रोत परिचालन गर्न वाणिज्य बैंकहरूले विदेशी बैंक तथा त्यस्तै प्रकारको वित्तीय संस्थाबाट कर्जाको रूपमा आउने पूँजीलाई भित्र्याउने व्यवस्था कार्यान्वयनमा आएको।
- राष्ट्रिय बाणिज्य बैंक र NIDC विकास बैंक एक आपसमा गाभ्ने कार्य(मर्जर) भई मिति २०७५ बैशाख १९ देखि एकीकृत कारोवार सञ्चालनमा आएको।
- सूचना प्रविधिको माध्यमद्वारा पूँजीबजारमा लगानीकर्ताको प्रत्यक्ष पहुँच लागि Online Trading श्रावण १, २०७५ देखि परीक्षण शुरूवात गरिएको।
- बीमा ऐन संसदमा पेश भएको, निक्षेप तथा कर्जा सुरक्षण सम्बन्धी नियमावलीहरू नेपाल सरकार, मन्त्रिपरिषद्बाट स्वीकृति भएको साथै भुक्तानी तथा फछ्र्यौट ऐन तथा विदेशी विनिमय ऐनको मस्यौदा नेपाल सरकार, मन्त्रिपरिषद्  पेश गर्ने प्रकृयामा रहेको।
- नेपाल पुनर्बीमा कम्पनीको पूँजी बृद्धि गरी चुक्ता पूँजी रू. १० अर्ब पुऱ्याईएको।
- निक्षेप तथा कर्जा सुरक्षण कोषको पूँजी बृद्धि गरी चुक्ता पूँजी रू. ८ अर्ब पुऱ्याईएको।
- साना निक्षेपकर्ताको निक्षेपको अनिवार्य बीमा सीमा वृद्धि गरिएको।
- सार्वजनिक संस्थान निर्देशन वोर्ड खारेजीको लागि नेपाल सरकार मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरिएको र सार्वजनिक संस्थान तथा सञ्चालन विधेयकको अवधारणा पत्रको मस्यौदा तयार  गरिएको।
- सार्वजनिक संस्थानहरुलाई आफ्ना खरिद सम्बन्धी कानुन सार्वजनिक खरिद ऐन, २०६३ अनुकुल हुने गरी संशोधन गर्न आवश्यक समन्वय र निर्देशन दिइएको।
- सम्मानित सर्वोच्च अदालतको आदेश बमोजिम विशाल बजार कम्पनी लिमिटेडमा नेपाल सरकारको नाममा कायम भएको रु. ३ अर्व ९६ करोड वरावरको ३ करोड ९६ लाख कित्ता शेयर आपूर्ति मन्त्रालय, अर्थ मन्त्रालय र महालेखा नियन्त्रक कार्यालयको नाममा कायम गरिएको ।
- महालेखा परीक्षकको २०७३/०७४ को प्रारम्भिक प्रतिवेदनमा सरकारले सार्वजनिक संस्थानहरुमा गरेको लगानीको प्रतिफल (लाभांश ) प्राप्त नभएको विषयमा लाभांश रकम यथासिध्र दाखिला गर्न तत्-तत् सार्वजनिक संस्थानहरुलाई जानकारी गराइएको।
- सार्वजनिक संस्थान तथा सरकारी स्वामित्वमा भएको समिति, बोर्ड, कम्पनी तथा संस्थानहरुको नाममा रहेको घर/जग्गा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७४ मा व्यवस्था भएको प्रतिष्ठानको घर/जग्गा तथा सम्पतीको व्यवस्थापन र संरक्षणको अनुगमन गरी अभिलेख सहितको वार्षिक प्रतिवेदन तयार गरी अर्थ मन्त्रालयमा पेश गर्न गठित समितिले आफ्नो कार्य अघि बढाएको ।

- कृषि विकास बैंक लिमिटेडमा नेपाल सरकारले लगानी गरेको ***Irredeemable non cumulative preference share*** को सम्बन्धमा वित्तीय क्षेत्र व्यवस्थापन महाशाखाका सह-सचिवको संयोजकत्वमा संस्थान समन्वय महाशाखाका सह-सचिव र नेपाल राष्ट्र बैंक प्रतिनिधि रहेको समिति गठन भएको ।

## ८.७. कानुन तर्जुमा तथा संशोधन

- आर्थिक ऐन, २०७५ मा समावेश हुनुपर्ने राजस्व नीतिहरु सम्बन्धी सुझाव प्रस्तुत गर्न गठित राजस्व परामर्श समिति २०७५ को प्रतिवेदन बमोजिम राजस्वका नीतिहरु तर्जुमा भएको र प्रतिवेदन प्रकाशन गरिएको।
- आर्थिक ऐन, २०७५, विनियोजन ऐन, २०७५, राष्ट्र ऋण उठाउने ऐन, २०७५, ऋण तथा जमानत (बाइसौं संशोधन) ऐन, २०७५ (संघीय संसदमा पेश गरिएको)
- लेखापरिक्षण ऐन,२०७५ (संघीय संसदमा पेश गरिएको)
- योगदानमा अधारित निवृत्तीभरण कोष विधेयक, २०७५ (मन्त्रिपरिषदमा पेश गरिएको)
- बीमा सम्बन्धी विधेयक,२०७५ (संघीय संसदमा पेश गरिएको)
- मुअक (बीसौं संशाधन) नियमावली २०७५, अन्तःशुल्क (अठारौं संशोधन) नियमावली २०७५, भन्सार (नवौं संशोधन) नियमावली २०७५, आयकर (आठौं संशोधन) नियमावली २०७५, (राजपत्रमा सूचना प्रकाशनका प्रकाशन भइसकेको)
- कर्जा सुरक्षण नियमावली २०७५, निक्षेप सुरक्षण नियमावली २०७५, निक्षेप तथा कर्जा सुरक्षण कोषको प्रमुख कार्यकारी अधिकृतको छनौट, सेवाको शर्त, पारिश्रमिक तथा अन्य सुविधा सम्बन्धि नियमावली २०७५ (राजपत्रमा सूचना प्रकाशनका प्रकाशन भइसकेको),
- आर्थिक कार्यविधि (पहिलो संशोधन) नियमावली, २०७५ (राजपत्रमा प्रकाशन भईसकेको।)
- मिलिनियम च्यालेन्ज एकाउण्ट नेपाल (गठन) आदेश २०७४ (राजपत्रमा सूचना प्रकाशन भइसकेको)
- आर्थिक बर्ष २०७४/११/१४ दखि हालसम्ममा यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर गरिएका त्रिपन्न (५३) वटा रिटहरुका सम्बन्धमा लिखित जवाफको मस्यौदा तयार गरी सम्बन्धित अदालत समक्ष पेश गर्नुका साथै प्रतिरक्षार्थ आवश्यक व्यवस्था मिलाइएको ।
- आर्थिक बर्ष २०७४/०७५ भित्र यस मन्त्रालयका विभिन्न महाशाखाहरुबाट राजपत्रमा सूचना प्रकाशनार्थ अनुरोध भई आए बमोजिम सूचनाको मस्यौदा तयार गरी सम्पादनका लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय पठाई सम्पादन भई आए पश्चात प्रकाशनका लागि मुद्रण विभाग पठाईएको ।
- यस मन्त्रालयसंग सम्बन्धित बिषयहरुमा कानूनी राय माग भई आएकामा कानूनी राय समयमै उपलब्ध गराईएको ।

## ८.८ अन्तरसरकारी वित्त व्यवस्थापन

- प्रदेश तथा स्थानीय तहको लागि संचित कोष संचालन कार्यविधि तयार भै कोष संचालनमा आएको।
- प्रदेश र स्थानीय तहको लागि नमूना आर्थिक कार्यविधि ऐन तयार भएको सो अनुरुप प्रदेश र स्थानीय तहबाट ऐन तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको।

